# बागचौर नगरपालिका

## आ.व. २०७५/०७६ को बजेट बक्तव्य

**आदरणीय नगरसभाका सभाअध्यक्ष ज्यू,**

**नगरसभाका सदस्य ज्यूहरु,**

यस वागचौर नगरपालिकाको तेस्रो गरिमामय सम्मानित नगरसभामा नगरपालिकाको आ.व.०७५/०७६ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभति गरेको छु।

यस ऐतिहासिक अवसरमा, सर्व प्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनार्थ आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण आदरणीय ज्ञात अज्ञात सहीद तथा बेपत्ताहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाईते अपाङ्ग योद्धाहरुप्रति हार्दिक सम्मानका साथ अभिवादन गर्दछु। न्याय समानता, स्वाधिनता, र समृद्धिका लागि विभिन्न समयमा भएका आन्दोलनहरुमा अमूल्य योगदान दिनुहुने सम्पूर्ण नेपाली दिदीबहिनी दाजुभाई तथा आमा बुवाहरुप्रति हार्दिक सम्मान प्रकट गर्दछु।

**"समृद्ध नगर हरित शहर, घरघरमा सिंहदरवार बागचौर नगरवासीको रहर"** भन्ने दिर्घकालिन सोच र लक्ष्यकासाथ जनताको माग, चाहना, आवश्यकता र संभावनाको उचित संवोधन हुने गरी बजेट निमाण एंव तर्जुमा गर्नु र योजनाहरु अघि बढाउनु हाम्रो कर्तव्य हो। प्रत्येक वडा तथा बस्तीका जनताको विकासलाई स्थानीय सरकारको नीति अनुसार तलैदेखि जनतालाई योजना तर्जुमा प्रक्रियामा सहभागी गराउदै विकासका योजनाहरु छनौट हुदै आएका छन। बजेट तथा कार्यक्रम निर्माण गर्दा बजेट सिलिङ र यसअघि प्रस्तुत भएको नीति तथा कार्यक्रम भित्र केन्द्रित रहेर यो बजेट निर्माण गरिएको छ।

**सभाका सदस्य ज्यूहरु,**

अब म यस सभामा बजेटको साराशं प्रस्तुत गर्न गईरहेको छु।

आर्थिक वर्ष २०७५/०७६ को लागि नेपाल सरकार (संघीय सरकार) बाट प्राप्त सशर्त अनुदान रु. १८ करोड २९ लाख र वित्तिय समानिकरण रु. ११ करोड ६३ लाख गरी जम्मा रु २९ करोड ९२ लाख, राजस्व बांडफांडबाट प्राप्त रु. ८ करोड २४ लाख ५३ हजार, कर्णाली प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण र राजश्व बांडफांडको जम्मा रु ६० लाख १७ हजार, गत वर्ष प्राप्त भएको रकमलाई आधार मानि अनुमान गरिएको सामाजिक सुरक्षा ४ करोड ७ लाख ६ हजार , LGCDP बाट १४ लाख ५६ हजार र आन्तरिक आम्दानी रु १ करोड ५० लाख गरी कुल बजेट ४४ करोड ४८ लाख ३२ हजार अनुमान गरिएको छ। कुल आम्दानी मध्ये चालु तर्फ २९ करोड ४८ लाख १२ हजार अर्थात कुल बजेटको ६६.२७ प्रतिशत विनियोजन गरिएको छ। सशर्त तर्फको कुल अनुदान रकम रु १८ करोड २९ लाख मध्ये शिक्षा तर्फ १५ करोड ९३ लाख ९९ हजार, स्वास्थ्य तर्फ १ करोड ८८ लाख ८६ हजार, पशुसेवा तर्फ ४ लाख ३६ हजार र कृषि तर्फ १६ लाख ४३ हजार, नवीकरणीय उर्जा तर्फ १० लाख ९० हजार, वातावरण तथा सरसफाई तर्फ २ लाख,महिला विकास कार्यक्रम तर्फ ११ लाख ४६ हजार, सामुदायिक तथा कबुलियत वन विकास तर्फ १ लाख विनियोजन गरिएको छ अर्थात कुल बजेटको ४१.११ प्रतिशत बजेट सशर्त तर्फ विनियोजन गरिएको छ भने कूल बजेट मध्ये पुंजीगत तर्फ १५ करोड २० हजार अर्थात कुल बजेटको ३३.७२ प्रतिशत विनियोजन गरिएको छ। समग्र बजेट मध्ये नगरपालिकाको प्रशासनिक खर्चमा रु. ७ करोड ३ लाख ५० हजार

विनियोजन गरिएको छ अर्थात कुल विकास बजेटको ३२.०१ प्रतिशत विनियोजन गरिएको छ । । वित्तिय समानिकरण,राजस्व बांडफांड र आन्तरिक स्रोत तर्फ पुंजीगत तथा अन्य कार्यक्रमको लागि आर्थिक विकासमा रु १ करोड ४९ लाख २५ हजार,सामाजिक विकासमा रु ४ करोड ४५ लाख ४५ हजार, पूर्वाधार विकासमा रु ४ करोड ९४ लाख ३० हजार, वातावरण तथा विपद व्यवस्थापनमा रु ६९ लाख २५ हजार,संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा रु.१ करोड ९८ लाख ९० हजार र म्याचिङ फण्ड तर्फ १ करोड ३७ लाख ५ हजार विनियोजन गरिएको छ । व्यय र योजना तथा कार्यक्रम सम्वन्धि विस्तृत विवरण अनुसुची हरुमा उल्लेख गरिएको छ ।

**सभाका सदस्य ज्यूहरु,**

१. नगरपालिका क्षेत्रभित्र रहेका सवै वडा केन्द्र एवं बस्ती सम्म मोटरेवल बाटो निर्माण गर्न सडक तर्फ रु २ करोड ४२ लाख ७५ हजार विनियोजन गरीएको छ । साथै नगरपालिकाको गौरवको योजना शहिद रिङरोड विस्तारका लागि रु १ करोड विनियोजन गरिएको छ ।

२. नगरपालिका क्षेत्रभित्र खानेपानी सरल, सहज एंव व्यवस्थित पहुंच सुनिश्चित गर्न सरसफाईलाई व्यवस्थित गर्नका लागि खानेपानी तथा सरसफाई तर्फ नगरबाट रु १ करोड ६२ लाख ७५ हजार विनियोजन गरिएको छ । साथै बांगेलाकुरी, कालाखेत र टाटकेमा फाहोरमैला तथा ढल व्यवस्थापनका लागि डम्पिङ साईट निमार्ण गर्न रु.१५ लाख विनियोजन गरिएको छ ।

३. नगरपालिका क्षेत्रभित्र समग्र शिक्षाको स्तरमा सुधार ल्याउनका लागि शिक्षक तलब भत्ता एंव भौतिक सुधार मा रु १ करोड ५२ लाख ६४ हजार विनियोजन गरिएको छ ।

४. स्वास्थ्य क्षेत्रमा सुधार गरी सर्वसाधारण नागरिकलाई स्वास्थ्य सेवाको सहज पहुंच अभिवृद्धि गर्नका लागि स्वास्थ्य कार्यक्रम तर्फ वित्तिय समानिकरण र राजश्व बांडफांड बाट रु. ६५ लाख ०५ हजार विनियोजन गरिएको छ ।

५. बागचौर नगरपालिका क्षेत्रभित्र उच्च पर्यटकिय संभावना बोकेका धार्मिक स्थल मोखला मन्दिर,डांगी जातीको उद्गमथलो लस्तम अग्लाटाकुरा , वली जातीको उद्गमथलो हिमचौर, तीनपाने पिकनिक स्थल को संरक्षण एवं विकासमा रु.२० लाख विनियोजन गरिएको छ ।

६. समाजमा हुने विभिन्न किसीमका लैंगिक हिंसा एंव कुप्रथा न्यूनीकरण गरी सभ्य समाजको निर्माणका लागि विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

७. ७० वर्ष पुरा भएका जेष्ठ नागरिक सम्मान कार्यक्रम का लागि रु .६ लाख, शहिद तथा वेपत्ता परिवार सम्मान कार्यक्रम का लागि रु .२ लाख ५० हजार शहिद तथा वेपत्ता परिवार लक्षित सीपमूलक कार्यक्रमका लागि रु. ६ लाख विनियोजन गरिएको छ ।

८. जनयुद्ध स्मृति संग्रहालय स्थापनाको लागि सामग्री खोज अनुसन्धानका लागि रु. ३ लाख विनियोजन गरिएको छ ।

९. सवै बस्तीसम्म उज्यालो पुऱ्याउनका लागि नगरपालिका क्षेत्रभित्र ग्रामीण विद्युत विस्तारीकरणका लागि रु १ करोड विनियोजन गरिएको छ । साथै मेयर संग उज्यालो कार्यक्रम अर्न्तगत घरमा विद्युत सुविधा नभएका

र सामुदायिक विद्यालयमा अध्ययनरत अत्यन्त विपन्न , दलित, जनजाती र जेहेन्दार विद्यार्थीहरुलाई शैक्षिक गुणस्तर सुधार गर्न सोलार वितरण कार्यक्रम मा रु. १० लाख बजेट विनियोजन गरिएको छ ।

१०. कृषि को व्यवसायीकरणमा जोड दिनका लागि सिंचाई प्रणालीको विस्तार, कृषिको विशेष पकेट क्षेत्र निर्धारण एवं कृषि सेवा कार्यक्रमका लागि रु .६१ लाख विनियोजन गरिएको छ ।

११. पशुपंक्षी विकास कार्यक्रम का लागि रु .३६ लाख बजेट विनियोजन गरिएको छ ।

१२. साहित्यिक क्षेत्रको विकास र उन्नयन का लागि नगर साहित्य परिषदलाई रु.३ लाख बजेट विनियोजन गरिएको छ ।

१३. खेल क्षेत्रको विकास गर्नका लागि नगरपालिका स्तरीय मेयर कप प्रतियोगिता संचालन गर्नका लागि रु १० लाख विनियोजन गरिएको छ ।

१४. नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न योजना आयोजना हरुको मर्मत संभारका लागि मर्मत संभार कोष मा रु ३० लाख विनियोजन गरिएको छ ।

१५. नगरपालिका क्षेत्रभित्र सिंचाईको उचित प्रबन्ध मिलाउनका लागि रु .२३ लाख ६५ हजार विनियोजन गरिएको छ ।

१६. प्रत्येक वडामा बहुउद्देश्यीय भवन निर्माण गरी उक्त भवनमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, खोप क्लिनिक लगायत अन्य कार्यक्रम संचालन गर्न रु. २१ लाख विनियोजन गरिएको छ ।

१७. यस नगरपालिकाको सीमाना मोख्लामा प्रवेशद्धार (गेट) निर्माण गर्न रु. ५ लाख विनियोजन गरिएको छ ।

१८. आकस्मिक रुपमा आइपर्ने विपद संग सामना गर्नका लागि विपद व्यवस्थापनमा रु १५ लाख विनियोजन गरिएको छ ।

१९. पदाधिकारी र कर्मचारीहरुको क्षमता विकास एंव अन्य मानव संसाधन विकासका लागि रु ५ लाख विनियोजन गरिएको छ ।

२०. परम्परागत संस्कति प्रवर्द्धन गर्न संस्कृती महोत्सव एवं मगर संस्कृती र भेषभुषा को संरक्षणका लागि रु. ७ लाख विनियोजन गरिएको छ ।

२१. वन तथा भू संरक्षण, विरुवा संरक्षण, रिचार्ज पोखरी निमार्ण तथा मर्मत, दिगो वन व्यवस्थापन, जलाधार संरक्षण, वृक्षारोपण तथा नर्सरी कार्यक्रमका लागि रु . ३० लाख विनियोजन गरिएको छ ।

२२. विपन्न महिला, दलित, जनजाती, बालबालिका लाई प्रत्यक्ष फाइदा पुग्ने गरी आवश्यक कार्यक्रम संचालन गर्न रु. २४ लाख ४० हजार विनियोजन गरिएको छ ।

२३. बागचौर नगरपालिकालाई पूर्ण सरसफाई युक्त नगरपालिका निर्माण लागि रु . ६ लाख विनियोजन गरिएको छ ।

२४. अपांगता भएका व्यक्तिहरुसंग सम्वन्धित कार्यक्रम संचालनका लागि रु . ७ लाख विनियोजन गरिएको छ ।

२५. संचार क्षेत्रको प्रवर्द्धन र विकासका लागि रु ५ लाख ५० हजार विनियोजन गरिएको छ ।

२६. वित्तिय साक्षरता  मार्फत सहकारी चेतना अभिवृद्धि गरी बचत गर्ने बानीको विकास गर्न र सहकारी कार्यक्रम प्रवर्द्धन गर्नका लागि रु . १० लाख  विनियोजन गरिएको छ ।

२७.बागचौर र थारमारेमा फ्रि वाइफाई सेवा उपलब्ध गराई सवै नागरिकलाई इन्टरनेटको सहज सुविधा प्रदान  गर्न तथा सि.सि. क्यामरा जडान गर्न रु .८ लाख बजेट विनियोजन गरिएको छ ।

२८. बागचौर नगरपालिकाका विपन्न महिला, आदिवासी जनजाती, दलित एंव अपांगता भएका व्यक्तिहरुलाई सरकारी सेवामा प्रतिस्पर्धा गर्न सक्षम बनाउनका लागि  निशुल्क लोक सेवा आयोग तयारी कक्षा संचालन गर्न रु .६ लाख विनियोजन गरिएको  छ ।

२९. बागचौर नगरपालिकाका सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने सर्वसाधारण नागरिकका छोराछोरीलाई उच्च स्तरीय आधुनिक शिक्षा प्रदान गर्नका लागि सामुदायिक विद्यालयका शिशु कक्षामा अध्यापन गराउने शिक्षक शिक्षिकाहरुलाई  मन्टेश्वरी तालिम प्रदान गर्न रु १० लाख विनियोजन गरिएको  छ ।

३०. बागचौर नगरपालिकालाई पूर्ण खोपयुक्त नगरपालिका घोषणाका लागि रु . ५ लाख ५० हजार विनियोजन गरिएको  छ ।

३१. संघीय तथा प्रदेश सरकारसंग माग गर्ने योजनाहरुको विवरण अनुसुची मा  संलग्न गरिएको छ  ।

**सभाका सदस्य ज्यूहरु,**

अन्तमा आव २०७५/०७६ को बागचौर  नगरपालिकाको बार्षिक बजेट तर्जुमा गर्ने सन्र्दभमा सहयोग पुऱ्याउनु हुने नगरपालिकाका नगर प्रमुख ज्यू, सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु र पत्रकार,राजनैतिक दल,  समाजसेवी, बुद्धिजीबि, विभिन्न गैसस, सुरक्षा निकाय एंव आम बागचौर नगरबासी लगायत प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै बजेटको सफल कार्यान्वयनमा सबैको खुल्ला सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद ।**

**श्री कल्पना पुन**
**(उप प्रमुख)**
**मिति : २०७५/०३/१०**